# दोस्रो गाउँ कार्यपालिका बैठक संख्या: ०१

## मिति:२०८१।०४।१७

आज मिति २०८१ साल श्रावण १७ गते बिहिबारका दिन फाकफोकथुम गाउँकार्यपालिकाको बैठक अध्यक्ष दिपेन्द्र खनाल ज्युको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसि निम्नानुसार निर्णय गरियो ।

उपस्थिति:

| सि.नं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री दिपेन्द्र खनाल | |
| २ | उपाध्यक्ष | श्री कल्पना राई | |
| ३ | वडाध्यक्ष | श्री कर्ण बहादुर लिम्बु | |
| ४ | वडाध्यक्ष | श्री यामबहादुर खत्री पौडेल | |
| ५ | वडाध्यक्ष | श्री दिपेन्द्र लिम्बु | |
| ६ | वडाध्यक्ष | श्री पदम बहादुर दर्लामी | |
| ७ | वडाध्यक्ष | श्री सिद्धमान आले | |
| ८ | वडाध्यक्ष | श्री टंक नाथ खनाल | |
| ९ | वडाध्यक्ष | श्री छत्र बहादुर लिम्बु | |
| १० | सदस्य | श्री कविता राई | |
| ११ | सदस्य | श्री डम्बर कुमारी बलम्पाकी मगर | |
| १२ | सदस्य | श्री देवी माया लामिछाने | |
| १३ | सदस्य | श्री चन्द्र कुमारी श्रेष्ठ | |
| १४ | सदस्य | श्री छत्र बहादुर बराईली | |
| १५ | सदस्य | श्री रिता दर्जी | |
| १६ | सदस्य सचिव | श्री दिल कुमार लिम्बु | |
| १७ | आमन्त्रित | श्री नारायण थापा मगर | |

CamScanner

# दोस्रो गाउँ कार्यपालिका बैठक संख्या: ०१
## मिति:२०८१।०४।१७

**एजेण्डाहरु:**

१. विद्युतको कार्ययोजना निर्माण सम्बन्धमा,
२. व्यक्कु लोडर तथा एम्बुलेन्सको मर्मत संभार सम्बन्धमा,
३. विपदबाट क्षतिग्रस्त कुलो तथा सडक मर्मत संभार सम्बन्धमा,
४. गाउँपालिकाबाट आ.व. २०८१।०८२ मा सञ्चालन हुने ठेक्का सम्बन्धमा,
५. खोलाहरुको IEE गर्ने सम्बन्धमा,
६. गाउँपालिकाको दररेट अनुमोदन सम्बन्धमा,
७. गत आ.व. २०८०।०८१ को वार्षिक समिक्षा सम्बन्धमा,
८. आधिल्लो आ.व. २०८०।०८१ को वार्षिक समिक्षा सम्बन्धमा।

**प्रस्ताव / निर्णयहरु:**

**प्रस्ताव नं. १: विद्युतको कार्ययोजना निर्माण सम्बन्धमा।**

**निर्णय**: उक्त प्रस्तावमाथि छलफल गर्दा यस गाउँपालिकाका हाल सम्म विद्युतिकरण नभएका वडाहरुका टोलहरुमा विद्युतिकरण रणनैतिक कार्ययोजना निर्माणका लागि नवीकरणीय उर्जा तथा उर्जा दक्षता कार्यक्रम संस्थाको प्राविधिक सहयोगमा छलफल गरी निर्माण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ०२: व्यक्कु लोडर(Backhoe Loader) तथा एम्बुलेन्सको मर्मत संभार सम्बन्धमा।**
**निर्णय नं.:** उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकामा सञ्चालित व्यक्कु लोडर (Backhoe Loader) को मर्मत संभार Showroom मार्फत गर्ने निर्णय गरियो साथै गाउँपालिकामा सञ्चालित एम्बुलेन्सको बीमाबाट भुक्तानी नभएको रकम गाउँसभाबाट विनियोजन भएअनुसार भुक्तानी गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ०३: विपदबाट क्षतिग्रस्त कुलो मर्मत संभार सम्बन्धमा।**
**निर्णय नं.:** उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिका वडा नं ३ मा अवस्थित कुलो आकाशे घाट कुलोको प्राविधिक मूल्याङ्कन अनुसार १ लाख ५० बढीमा भुक्तानी दिने र वडा नं ६,७ मा अवस्थित कमेरे दोकान डाँडा कुलो मर्मत संभार वापतको(२१ वटा ट्र्याक्टर र ५० घण्टा बराबर काम गरे वापतको) रकम विपद व्यवस्थापन कोषबाट भुक्तनी दिने गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ०४: गाउँपालिकाको दररेट अनुमोदन सम्बन्धमा।**
**निर्णय नं.:** उक्त प्रस्ताव माथि छलफल गर्दा यस फाकफोकथुम गाउँपालिकाबाट निर्माण भएको आ.व.२०८१।०८२ दररेट उपर व्यापक छलफल गरी सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो।

CamScanner

# दोस्रो गाउँ कार्यपालिका बैठक संख्या: ०१

## मिति: २०८१।०४।१७

**प्रस्ताव नं. ०५: गाउँपालिका भित्रका खोलाहरुको IEE गर्ने सम्बन्धमा ।**

**निर्णय नं.:** उक्त प्रस्ताव माथि छलफल गर्दा यस फाकफोकथुम गाउँपालिकामा रहेका देहाय अनुसारका खोलाहरुको IEE (Initial Environmental Examination)गर्ने निर्णय गरियो ।

**निम्न:**

देउमाई खोला

फाकफोक खोला

मुगे खोला

**प्रस्ताव नं. ०६: "Upper Deumai Small Hydro Electricity" आयोजना सँग सम्पर्क गर्ने सम्बन्धमा ।**

**निर्णय नं.:** उक्त प्रस्ताव माथि छलफल गर्दा यस फाकफोकथुम गाउँपालिका वडा नं ६ र ७ मा निर्माणधिन "Upper Deumai Small Hydro Electricity" आयोजनाको यस गाउँपालिका सँगको सामाजिक उत्तरदायित्य तथा पानी प्रयोग सँग सम्बन्धित विभिन्न विषयहरुमा छलफल गर्नुपर्ने भएकोले उक्त जलविद्युत आयोजनालाई उक्त विषयहरु सँग सम्बन्धित विषयहरुमा छलफलका लागि १५ दिन भित्र सम्पर्क गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ०७: चालु आ.व. २०८१।०८२ मा सञ्चालित योजनाहरुको ठेक्का आव्हान गर्ने सम्बन्धमा ।**

**निर्णय नं.:** उक्त प्रस्ताव माथि छलफल गर्दा यस फाकफोकथुम गाउँपालिकामा यस चालु आ.व. २०८१।०८२ मा सञ्चालन हुने देहाय अनुसारका योजनाहरुको ठेक्का आव्हान गर्ने र सो सम्बन्धमा देहाय अनुसारको निर्णय गरियो ।

**१.संघीय समपुरक अनुदान:** रवि आमचोक सडक क्रमागत रु. १,५०,००,०००।–(साझेदारी बाहेक)

(यस योजनाको कार्य ~~लागि कोलोपत्र गर्ने भएमा~~ ४ नं वडा गुरुङखोलाबाट सुरुवात गर्ने र सो सम्बन्धमा आजको मितिबाट १ हप्ता भित्र ४ नं वडाध्यक्षको रोहवरमा ४ नं वडा निवासी नागरिक सरोकारवालाहरु संवद्ध भेला आयोजना गरी निर्णय गर्ने निर्णय गरियो)

**२.प्रदेश सशर्त अनुदान:** पशु अस्पताल निर्माण रु.५०,००,०००।–(साझेदारि बाहेक)

(यस योजना सञ्चालनको लागि आमचोक गा.वि.स.को स्वमित्वमा रहेको ५ रोपनी जग्गामा प्राविधिक लागत अनुमान तथा माटो परिक्षण सहित निर्माण कार्य सञ्चालन गर्ने साथै उक्त क्षेत्रमा मत्स्य पालनका लागि खाडी निर्माण गर्ने निर्णय गरियो ।)

**३.संघीय विशेष अनुदान:** आमचोक खानेपानी ( मुगे खोला- सिस्ने खोला- लोखुम्बा -नसुवा गौडे दोभान खानेपानी आयोजना) रु. १,२०,००,०००।–

(यस योजना सञ्चालनको लागि खानेपानी वितरण सम्बन्धमा ३ नं वडाको जनसहभागिता सम्बन्धि निर्णयको १ हप्ता भित्र ३ नं वडाका अध्यक्षको रोहवरमा ३ नं वडा निवासी नागरिक सरोकारवालाहरु संवद्ध भेला आयोजना गरी निर्णय गर्ने निर्णय गरियो ।)

**प्रस्ताव नं. ०८: आधिल्लो आ.व. २०८०।०८१ को वार्षिक समिक्षा सम्बन्धमा ।**

**निर्णय नं.:** उक्त प्रस्ताव माथि छलफल गर्दा यस फाकफोकथुम गाउँपालिकाको गत आ.व. २०८०।०८१ को वार्षिक समिक्षा कार्यक्रम शाखा प्रमुखहरुको उपस्थितीमा आगामि भाद्र पहिलो हप्ता भित्र गर्ने निर्णय गरियो ।